# भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

## नगर कार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

भिमाद, तनहुँ

**Bhimad, Tanahun**

२०७३/**2073**

गण्डकी प्रदेश, नेपाल

**Gandaki Province, Nepal**


भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

प.सं./Ref No.:- २०८०/०८१

च.नं./Des No.:- 260

मिति २०८०/०५/२९

विषयः निवेदन संकलन गर्ने व्यवस्था मिलाउनु हुन ।

श्री वडा कार्यालयहरु (१-९) सवै ।

प्रस्तुत विषयमा भूमिहिन दलित/भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि निवेदन संकलन गर्ने सम्वन्धी राष्ट्रिय भूमि आयोगवाट मिति २०८०/०५/२९ गते देखि लागू हुने गरी दोस्रो पटक पैंतिस (३५) दिने सार्वजनिक सूचना प्रकाशन भएको हुँदा यस भन्दा अगाडीको सूचना अनुसार यस नगरपालिका क्षेत्रभित्रका व्यक्तिहरुवाट निवेदन दिन छुट भएको भए राष्ट्रिय भूमि आयोगवाट तोकिएको ढाँचामा फाराम भरी ३५ दिने सूचनाको म्याद सकिने अवधि (मिति २०८० कार्तिक २ गते) भित्र देहायका आवश्यक कागजातहरु सहित ताँहा वडाहरुमा निवेदन संकलन गरी नगरपालिकामा पठाउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

आवश्यक कागजातहरुः-

१. तोकिएको ढाँचा अनुसारको विवरण भरेको सक्कलै निवेदन फाराम,
२. परिवारमूलीको श्रीमान श्रीमतीको हालसालै खिचेको फोटो, दुइवटा श्रीमती भएकोमा दुवै श्रीमतीको फोटो,
३. परिवारका सवै सदस्यको नागरिकताको फोटोकपी/जन्मदर्ता, वसाइ सराई आएकोमा सोको प्रमाणपत्र, सम्वन्ध विच्छेद भएकोमा सोको प्रमाणपत्र,
४. अव्यवस्थित वसोवासीको हकमा क्रम संख्या १-३ सम्मका सवै कागजातहरु र परिवारका सवै सदस्यको नाममा रहेको नेपालभरीको सवै जग्गाको जग्गाधनी प्रमाणपूर्जाको फोटोकपी, सम्पत्तीकर प्रयोजनको लागि गरिएको मूल्याङ्कन, कम्तीमा १० वर्षदेखि आवाद कमोत (भोगचलन) गरेको प्रमाण ।

Bhimad
2080/5/29

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत